## महान्यायाधिवक्ताको कार्यालयको

# तेस्रो पञ्चवर्षीय रणनीतिक योजना

(२०७८/०७९–२०८३/०८४)

अवधारणापत्र

Office of the Attorney General, Nepal

## महान्यायाधिवक्ताको कार्यालय

## रामशाह पथ, काठमाडौं

# महान्यायाधिवक्ताको कार्यालयको
# तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको
# अवधारणापत्र

## परिचय

फौजदारी न्याय प्रशासनको प्रमुख अवयवको रूपमा महान्यायाधिवक्ताको कार्यालय रहेको छ । प्रभावकारी रुपमा फौजदारी न्याय प्रशासन संचालन गर्न संविधान र कानूनले महान्यायाधिवक्ताको कार्यालयलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । सो जिम्मेवारी वहन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको संस्थागत सुदृढीकरण र सरकारी वकीलको व्यावसायिकता अभिवृद्धि गर्न आवश्यक हुन्छ । सोही आवश्यकता परिपूर्ति गर्न महान्यायाधिवक्ताको कार्यालयले पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

संविधान तथा कानूनले सुम्पिएका जिम्मेवारी राज्य, समाज र नागरिकको अपेक्षा अनुसार प्रभावकारी र परिणाममुखी रूपमा सञ्चालन गर्नु पर्दछ । त्यसका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विद्यमान वस्तुस्थितिको विश्लेषण गरी सबल र कमजोर (Strength and Weakness) पक्षहरू तथा अवसर र चुनौतीहरू (Opportunity and Threat) को पहिचान गरी संस्थागत सुदृढीकरणका लागि पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरिँदै आएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूले जनताका अपेक्षा र संवैधानिक तथा कानूनी जिम्मेवारी अनुरूपको कार्य निश्चित समय सीमाभित्र सम्पादन गर्न सकियोस् भनी रणनीतिक योजना तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिनु पर्ने आवश्यकता रहेको छ । हालसम्म दुई वटा पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो । हाल दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको क्रममा अन्तिम वर्षमा रहेको अवस्था छ । कार्यान्वयनमा आएका रणनीतिक योजनाको कार्यान्वयनबाट महत्वपूर्ण उपलब्धि हासिल भएको र कार्य सम्पादनमा सकारात्मक प्रभाव परेको अवस्था छ । सो कार्यलाई निरन्तरता प्रदान गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ ।

फौजदारी न्याय प्रशासनको कार्य सम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आ.व. २०६८।०६९ देखि २०७२।०७३ सम्मका लागि प्रथम पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो । समग्र फौजदारी न्याय प्रशासनको सुधारको अपेक्षा राखी मिति २०६७।१२।१५ मा जारी भएको प्रथम रणनीतिक योजना कार्यान्वयनका लागि कार्यान्वयन योजना समेत तयार गरिएको थियो । दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तयार गर्दा प्रथम रणनीतिक योजनाको समेत समीक्षा गरिएको थियो । सो समीक्षाबाट प्रथम योजनाको समग्र मूल्यांकन गर्दा ३८.७१ प्रतिशत कार्यहरु सम्पन्न भएको अवस्था थियो । योजना अनुसार कार्य संचालन गर्ने संस्कार तथा योजनाका सम्बन्धमा तल्लो तह तथा

Office of the Attorney General, Nepal

सरोकारवाला समक्ष जानकारी प्रवाह गर्न समेत नसक्दा यस योजनाले आशातित सफलता प्राप्त गर्न नसकेको देखिन्छ । तथापि महान्यायाधिवक्ताको कार्यालयको योजनाबद्ध विकास प्रक्रियाको थालनी र निरन्तरताका लागि सो योजना कोशेढुंगा सावित भएकोमा विवाद छैन । साथै सो योजनाले संस्थागत सुधारका लागि रचनात्मक भूमिका निर्वाह गरेको थियो ।

"संस्थागत सुदृढीकरण र व्यावसायिक विकासमा केन्द्रित" भई आ. व. **२०७३।०७४–२०७७।०७८** का लागि महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको थियो । सो योजना २०७३।०४।०१ देखि कार्यान्वयनमा ल्याइएको थियो । प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमाको लागि विभिन्न कार्यक्रम संचालन गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, कानूनी शासन तथा मानव अधिकार संरक्षण सबलीकरण कार्यक्रमको आर्थिक सहयोग समेत रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामा सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने, सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने, सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने र महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने गरी चार वटा लक्ष्य निर्धारण गरिएको थियो । उक्त लक्ष्य प्राप्त गर्नका लागि २९ वटा रणनीतिहरू र सोको कार्यान्वयनका लागि विभिन्न २१८ वटा क्रियाकलापहरू निर्धारण गरिएको थियो । दोस्रो योजनाको आ.व. **२०७५।०७६–२०७६।०७७** मध्यावधि मूल्कांकन गर्दा ७१.१० प्रतिशत कार्यान्वयन भएको तथ्यांकबाट देखिन्छ । यो योजनाको मध्यावधि मूल्यांकन गर्दा समग्र कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेका थियो :

| लक्ष्य नं. | कार्यान्वयन भएको | कार्य अन्तिम चरणमा पुगेको | आंशिक कार्य प्रगति भएको | कार्य प्रारम्भ भएको | कार्यान्वयन नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | २५ | २ | १० | ६ | ४ | ४७ |
| २. | ११ | ० | ७ | २ | ६ | २६ |
| ३. | १९ | ३ | ४ | ० | १० | ३६ |
| ४. | ५४ | ४ | १७ | १० | २४ | १०९ |
| **जम्मा** | १०९ | ९ | ३८ | १८ | ४४ | २१८ |
| **प्राप्त अंक** | ५४५ | ३६ | ११४ | ३६ | ४४ | ७७५ |
| **समग्र** | | | | | | ७१.१० |

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको अन्तिम वर्षमा रहँदा समेत योजना कार्यान्वयनका लागि पूर्णकालीन जनशक्तिबाट कार्यान्वयन गराउन सकिएको छैन । कार्यालयको नियमित कार्यसम्पादनसँगै योजना कार्यान्वयनको कार्य गरिँदै आएको हो । महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले संस्थागत सुदृढीकरण, सरकारी वकीलको व्यावसायिकता, अनुसन्धानमूलक कार्य र प्रकाशन, तालिम, प्रशिक्षण तथा विदेश भ्रमण समेतका क्षेत्रमा देखिने गरी

Office of the Attorney General, Nepal

परिवर्तन गरेको छ । सरोकारवाला निकायसँगको समन्वय विकासमा समेत उल्लेखनीय सुधार भएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयबाट रणनीतिक योजना बमोजिम अधिकतम रुपमा कार्यसम्पादन गर्ने प्रयास भएको, सबै सरकारी वकील कार्यालयबाट वार्षिक कार्य योजना बनाउने र सो अनुसार कार्य संचालन गर्ने गरिएको छ । योजना कार्यान्वयनको अवधिमा गणनायोग्य कार्यक्रमहरु सम्पन्न भएका छन् । संस्थागत गतिशिलता देखिएको छ । योजना कार्यान्वयनमा सबै तहका जनशक्तिको संलग्नता पनि रह्यो । योजनामा रही कार्य सम्पादन गर्ने पद्धतिको विकास गरेको छ । सूचकांकमा सकारात्मक सुधार देखिएको छ । अवसरको विस्तार पूर्वाधारको विकासमा उल्लेख्य प्रगति हासिल भएको छ । सबैभन्दा देखिने उपलब्धि जनशक्तिमा संख्यात्मक वृद्धि पनि हो ।[१] योजनाका बारेमा सरकारी वकील तथा कर्मचारीमा अपनत्व कायम भएको छ । सरोकारवाला निकायहरुबाट योजना कार्यान्वयनमा सहयोग प्राप्त भएको छ । तर अनुसन्धानलाई सही रुपमा मार्गदर्शन गर्न, वस्तुगत आधारमा अभियोजन गर्न, घटना, प्रमाण र शंकितको संलग्नता विश्लेषण गरी आधार कारण उल्लेख गरी उपयुक्त दाबी लिने, बहस पैरवी, प्रतिरक्षा र पुनरावेदनमा गुणात्मक सुधार भयो भएन भनेर हामीले जवाफ दिनु पर्ने अवस्था छ ।

योजनाको उपलब्धिबाट लाभ लिने लालायित हुने तर योजनाबद्ध रुपमा कार्य गर्न झन्झट मान्ने व्यवहार योजना कार्यान्वयनको लागि बाधक (Obstacle) रहेको छ । महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपित गरेका कार्यक्रमहरू मध्ये दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको अन्तिम वर्षमा आउँदा समेत केही क्रियाकलापहरु सुरू नै भएका छैनन् । साथै रणनीतिक योजना तर्जुमा गर्दा प्रक्षेपण गरिएका लक्ष्य, रणनीतिहरु भित्रै पनि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुको कार्यसम्पादनसँग जोडिएका महत्वपूर्ण क्रियाकलपाहरु समावेश नभएको दोस्रो रणनीतिक योजनाको मध्यावधि मूल्यांकनको क्रममा देखियो । साथै योजना कार्यान्वयनमा आएपछि कानूनमा भएको सुधार समेतका आधारमा मध्यावधि मूल्यांकनको क्रममा देहायका क्रियाकलापहरु समावेश गरिएको थियो ।

| लक्ष्य नं. | रणनीति नं. | थप गरिएका कार्यक्रम |
|---|---|---|
| १ | २ | १. प्यारोल र प्रोवेसन बोर्डको सचिवालय व्यवस्थापन र संचालन<br>२. सजाय सुझाव समितिको सचिवालय व्यवस्थापन र संचालन |
| | ५ | १. अपराध पीडितको हक सम्बन्धी कानुनको कार्यान्वियन सम्बन्धी<br>२. बालसुधार गृहको विस्तारका लागि सहजीकरण<br>३. पीडित तथा साक्षी संरक्षण निर्देशिका पुनरावलोकन र कार्यान्वयन<br>४. पीडित संरक्षण सुझाव समितिको सचिवालय व्यवस्थापन<br>५. पीडित संरक्षण सुझाव संचालन निर्देशिका तयार गर्ने |

[१] दोस्रो पञ्चवर्षीय रणनीतिक योजना लागू हुन पूर्व महान्यायाधिवक्ता सहित सरकारी वकीलको संख्या ३४७ र कर्मचारी संख्या ८३९ गरी सम्मा दरबन्दी संख्या ११८६ रहेकोमा योजनाको अन्तिम वर्षमा सरकारी वकीलको संख्या ५२० पुगेको छ । सरकारी वकील र कर्मचारीको संख्या १६३३ पुगेको छ ।



Office of the Attorney General, Nepal

| | | |
|---|---|---|
| | ६ | १. अभियोजन नीतिको पुनरावलोकन<br>२. नमुना अभियोगपत्र तयारी<br>३. उत्कृष्ट अभियोगपत्र प्रकाशन<br>४. अभियोगपत्र लेखन सम्बन्धी तालिम<br>५. प्रमाण कानून सम्बन्धी प्रशिक्षण |
| २ | १ | १. प्रयोगशालाको स्तरोन्नति र विकास |
| | २ | १. मिसिलको अभिलेख र धुल्याउने पद्दतिको व्यवस्थापन |
| | ३. | १. दो.पा., पुनरावेदन र निवेदन मस्यौदा तयारी सम्बन्धी तालिम |
| | ४ | १. अदालतबाट जारी भएका आदेश र प्रतिपादन भएका सिद्धान्तको कार्यान्वयन |
| ३ | ३<br>५ | विशिष्टीकरण तालिमको पुनर्ताजकी<br>१. मध्यस्थता सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन |
| | ७ | १. मुलुकी संहिताको प्रभावकारी कार्यान्वयनका लागि तालिम संचालन<br>२. मौलिक हक सम्बन्धी कानुनको कार्यान्वयन सम्बन्धमा प्रशिक्षण<br>३. सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी व्यवस्थाको सम्बन्धमा तालिम |
| ४ | ३ | १. एकीकृत सूचना प्रविधि प्रणाली निर्माण<br>२. इन्ट्रानेट मार्फत सञ्जालीकरण गरिने<br>३. फौजदारी मुद्दाको अभिलेखलाई वैज्ञानिक र व्यवस्थित गर्न डाटा सेन्टरको स्थापना |
| | ४ | १. समन्वय समितिको क्रियाशीलता<br>२. प्रहरीसँगको समन्वयमा संयुक्त रुपमा समुदायमा सरकारी वकील कार्यक्रम संचालन गर्ने<br>३. जातीय भेदभाव तथा छुवाछूत विरुद्धका जनचेतनामूलक कार्यक्रमहरु संचालन |
| | ५ | १. सरकारी वकील कार्यालयको निरन्तर अनुगमन तथा अभियोजन परीक्षण<br>२. नमुना सरकारी वकील कार्यालयको प्रभाव मूल्यांकन र विस्तार<br>३. अनुगमन पद्दतिलाई समय सारिणीमा लैजाने र सोको प्रतिवेदन व्यवस्थित गर्ने<br>४. पत्रकार भेटघाट<br>५. महान्यायाधिवक्ताको कार्यालयमा हेल्पडेस्कको स्थापना |
| | ६ | १. विद्युतीय माध्यमबाट पुस्तकालयमा पहुँच विस्तार गर्ने<br>२. पुस्तकालय पुस्तक तथा पाठ्यसामग्रीको वर्गीकरण तथा सूचीकरण गर्ने |
| | ७ | १. इन्टरनेशनल एशोसिएशन अफ प्रोसिक्युटरमा क्रियाशीलता<br>२. कार्य सम्पादन करार<br>३. नेपाली भाषा लेखन तालिम<br>४. कार्यालय भवन निर्माण र सार्वजनिक खरिद प्रक्रिया विषयक तालिम |

Office of the Attorney General, Nepal

दोस्रो रणनीतिक योजनाको अवधिमा मुलुकको फौजदारी कानूनमा आमूल परिवर्तन गर्ने गरी मुलुकी ऐनलाई विस्थापन गर्दै २०७४ सालमा संहिताहरु जारी भएका थिए । फौजदारी न्याय प्रशासनलाई परिमार्जन र आधुनिकीकरण गर्न जारी भएका मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरु जारी भई २०७५ साल भदौ १ गते देखि लागू भएका छन् । मौलिक हक कार्यान्वयनसँग सम्बन्धित विभिन्न कानूनहरु समेत तयार भई कार्यान्वयनमा आएका छन् । नयाँ संहिता र कानून बमोजिम अभियोजन, बहस, पैरवी र प्रतिरक्षा समेतका कार्यहरु अपेक्षा गरे अनुसार गर्न सोही अनुसार अगाडि बढ्नु पर्ने आवश्यकता छ । परिवर्तित सन्दर्भमा सरकारी वकीलहरुको संगठन संरचना, कार्य प्रणाली र कार्यशैलीमा सुधार गर्दै व्यायसायिकतामा निखार ल्याउन तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । सो अनुसार योजना तर्जुमाका लागि देहाय बमोजिमका समिति र कार्यादेश दिई महान्यायाधिवक्ताको कार्यालयले योजना तर्जुमाको कार्य प्रारम्भ गरेको छ ।

### निर्देशक समिति

| | |
|---|---|
| माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल | अध्यक्ष |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य |
| नायब महान्यायाधिवक्ता, श्री पद्मप्रसाद पाण्डेय | सदस्य |
| नायब महान्यायाधिवक्ता, श्री नारायणप्रसाद पौडेल | सदस्य |
| नायब महान्यायाधिवक्ता, श्री विश्वराज कोइराला | सदस्य |
| नायब महान्यायाधिवक्ता, डा. श्री टेकबहादुर घिमिरे | सदस्य |
| प्रहरी अतिरिक्त महानिरिक्षक (अपराध अनुसन्धान विभाग), प्रहरी प्रधान कार्यालय | सदस्य |
| प्रतिनिधि (कम्तिमा राजपत्रांकित प्रथम श्रेणी), अर्थ मन्त्रालय | सदस्य |
| प्रतिनिधि कम्तिमा राजपत्रांकित प्रथम श्रेणी), राष्ट्रिय योजना आयोग | सदस्य |
| सहन्यायाधिवक्ता, योजना, अनुसन्धान तथा अनुगमन महाशाखा | सदस्य |
| सहन्यायाधिवक्ता, माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय | सदस्य |

### योजना तर्जुमा समिति

महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।०६।१८ को निर्णयानुसार नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेयज्यूको संयोजकत्वमा दस सदस्यीय योजना तर्जुमा समिति गठन गरिएको छ । सो

Office of the Attorney General, Nepal

समितिले निर्देशक समितिको निर्देशन एवं कार्य समूहको सहयोगमा दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको समीक्षा गरी तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तयार गर्नेछ । योजना तर्जुमा समितिका पदाधिकारीहरूको नामावली यसप्रकार रहेको छ :

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय | संयोजक |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला | सह संयोजक |
| सहन्यायाधिवक्ता योजना, अनुसन्धान तथा अनुगमन महाशाखा | सदस्य |
| सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सदस्य |
| सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी | सदस्य |
| सहन्यायाधिवक्ता श्री लोकराज पराजुली | सदस्य |
| सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली | सदस्य |
| सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली, वैदेशिक रोजगार न्यायाधिकरण | सदस्य |
| सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान | सदस्य |
| उपन्यायाधिवक्ता योजना, अनुसन्धान तथा अनुगमन शाखा | सदस्य |

सो समितिको कार्यादेश यसप्रकार रहेको छ :

**कार्यादेश**

१. माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा रहेको निर्देशक समितिको निर्देशनमा रही महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा र तेस्रो रणनीतिक योजनाको प्रारम्भिक मस्यौदाको प्रस्ताव गर्ने,

२. महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका सरकारी वकील कार्यालयहरूको विद्यमान अवस्थाको वस्तुस्थिति विश्लेषण गर्ने,

३. वस्तुस्थिति विश्लेषणबाट प्राप्त भएको निष्कर्षका आधारमा योजनाको लक्ष्य र रणनीतिक उपायहरू प्रक्षेपण गर्ने,

४. सरकारी वकील तथा कर्मचारी, सरोकारवालाहरू समेतको राय, प्रतिक्रिया तथा छलफल गरी प्राप्त पृष्ठपोषणलाई एकीकृत गरी साझेदार तथा सरोकारवाला निकायहरुको रणनीतिक योजनासँग सामञ्जस्यता कायम हुने गरी आमागी रणनीतिक योजनाको मस्यौदा तयार गर्ने,

Office of the Attorney General, Nepal

५. विद्यमान रणनीतिक योजनाको समीक्षा, सो योजनाको कार्यान्वयनको स्थिति, देखिएका कमी कमजोरीहरू र सुधारका क्षेत्रहरू समेत समेटी आगामी पञ्चवर्षीय रणनीतिक योजनाको मस्यौदा तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

६. निर्देशन समितिले दिएको निर्देशनका आधारमा कार्य समूहको सहयोग लिई रणनीतिक योजनाको मस्यौदालाई अन्तिम रूप दिने,

७. योजना तर्जुमा समितिले २०७७ साल चैत्र मसान्तभित्र सो योजना निर्माण गर्ने लक्ष्यका साथ काम गर्ने ।

८. योजना तर्जुमा समितिले आफुलाई सुम्पिएको कार्यादेश बमोजिम जिम्मेवारी वहन गर्दा वाधा आई परेमा माननीय महान्यायाधिवक्ताज्यूबाट निकासा लिई कार्य गर्ने ।

९. योजना तर्जुमा समितिलाई उल्लेखित कार्यमा कार्य समूहले सहयोग पुऱ्याउनेछ ।

**कार्य समूह**

योजना तर्जुमाको कार्यमा तथ्यांक संकलन, विश्लेषण एवं दोस्रो योजनाको समीक्षा र तेस्रो योजना तयार गर्न योजना तर्जुमा समितिलाई सहयोग पुऱ्याउन पूर्णकालीन रूपमा कार्य गर्ने गरी उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीको संयोजकत्वमा देहाय बमोजिम ९ सदस्यीय कार्य समूह स्थापना गरिएको छ । सो समूहले योजना तर्जुमा समितिको निर्देशनमा रही तोकिए बमोजिमको कार्यादेश बमोजिम आवश्यकता अनुसार कार्यालय समय बाहेकको समयमा कार्य गरी रणनीतिक योजनाको मस्यौदा तयारी गर्ने समेतका कार्यमा योजना तर्जुमा समितिलाई सहयोग पुऱ्याउनेछ । कार्य समूहमा रहने पदाधिकारीहरु देहाय बमोजिम रहेका छन् :

**कार्यदल:**

| | |
|---|---|
| उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी | संयोजक |
| उपन्यायाधिवक्ता श्री नवराज पराजुली | सदस्य |
| उपन्यायाधिवक्ता श्री राधिका सुवाल | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री निराजन पाण्डे | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री श्यामप्रसाद दाहाल | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री शिव वाग्ले | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री सरिता पोखरेल | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री संगिता थोकर | सदस्य |

Office of the Attorney General, Nepal

सहायक न्यायाधिवक्ता श्री आश्मा खड्का सदस्य

**कार्यादेश**

**कार्य समूहलाई दिइएको कार्यादेश यसप्रकार रहेको छ :**

१. दोस्रो योजनाको कार्यान्वयनको अवस्थाका बारेमा सूचना तथा विवरण संकलन गर्न आवश्यक फारामहरू विकास गर्ने र सो बमोजिमको सूचना एवं विवरण संकलन गर्ने, संकलित सूचना र विवरणहरूको आवश्यक प्रशोधन र विश्लेषण गर्ने ।

२. दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र आगामी योजनाले अपनाउनु पर्ने रणनीतिक सुधारका क्षेत्रहरू पहिचान गरे बमोजिम विभिन्न सरोकारवालाहरूसँग अन्तरक्रिया र छलफल गर्ने र सो को प्रतिवेदन तयार गर्ने ।

३. प्रादेशिक परामर्श कार्यक्रम सञ्चालन गरी सबै तहका सरकारी वकील तथा कर्मचारीको प्रतिनिधित्व हुने गरी सरोकारवालाहरू समेतसँग छलफल गर्ने र सो को प्रतिवेदन तयार गर्ने ।

४. सरोकारवाला निकायहरुको रणनीतिक योजनासँग समाञ्जस्यता कायम हुने गरी रणनीतिक योजनाको प्रारम्भिक र अन्तिम मस्यौदा तयार गर्न योजना तर्जुमा समितिलाई सहयोग गर्ने ।

५. सरोकारवाला निकाय, सरकारी वकील तथा कर्मचारीहरुबाट प्राप्त भएका सुझाव तथा पृष्ठपोषण समेतलाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गरी योजना तर्जुमा समितिमा पेश गर्ने ।

६. महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका सरकारी वकील कार्यालयहरूको विद्यमान अवस्थाको वस्तुस्थिति विश्लेषण गर्नका लागि आवश्यक विवरण उपलब्ध गराउने ।

७. योजना तर्जुमा समितिले निर्देशन गरे बमोजिमका अन्य कार्यहरु गर्ने ।

**योजना तर्जुमामा अवलम्बन गरिने विधि**

अनुसन्धानमूलक विधिको अवलम्बन गरी दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा र तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरिने छ । सो क्रममा सम्बद्ध सबै तहका सरोकारवालाहरूको सहभागिता र विज्ञहरूको समेत सहयोग लिई योजना तर्जुमा गर्नका लागि मूलतः देहायका विधिहरू अवलम्बन गरिने छ :

**निर्देशक समितिसँगको छलफल र समितिको निर्देशन :** माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा रहेको निर्देशक समितिको निर्देशन र सुझावका आधारमा योजना तर्जुमाको प्रक्रिया सञ्चालन गरिने छ । निर्देशक समितिले योजना तर्जुमाको क्रममा भएका काम कारबाहीहरूको समीक्षा गरी योजना तर्जुमा समितिलाई आवश्यक मार्गनिर्देशन गर्नेछ ।



Office of the Attorney General, Nepal

**राय सुझाव संकलन**

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले राखेका लक्ष्य र निर्धारण गरेका क्रियाकलापहरूको कार्यान्वयनको अवस्था र तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा समावेश हुनु पर्ने विषयवस्तुका सम्बन्धमा सबै सरकारी वकील कार्यालयहरुबाट राय सुझाव माग गरिने छ ।

**सूचना संकलन**

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले राखेका लक्ष्य र निर्धारण गरेका क्रियाकलापहरूको कार्यान्वयनको अवस्थाको समीक्षा गर्न आवश्यक सूचना संकलन गरिने छ । ती सूचना समेतका आधारमा दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा गरिने छ ।

**नीति व्यवस्थापन समूहसँग बैठक**

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको अवस्था र तेस्रो रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने रणनीतिक हस्तक्षेपका क्षेत्रहरू पहिचान गर्न र योजनालाई अन्तिम रुप प्रदान गर्न नीति व्यवस्थापन समूहसंग योजनाको अवधारणापत्र, प्रारम्भिक मस्यौदा र अन्तिम मस्यौदा तयार र स्वीकृतिका लागि परामर्श गरी आवश्यक पृष्ठपोषण प्राप्त गरिने छ ।

**परामर्श कार्यक्रम**

दोस्रो रणनीतिक योजनाको कार्यान्वयनको अवस्था र तेस्रो रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने रणनीतिक हस्तक्षेपका क्षेत्रहरू पहिचान गरी तयार गरिएको महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना सम्बन्धी प्रारम्भिक मस्यौदा उपर विभिन्न तह र क्षेत्रका सरोकारवालाहरूसँगको परामर्श कार्यक्रम सञ्चालन गरी आवश्यक पृष्ठपोषण प्राप्त गरिने छ ।

**पूर्व महान्यायाधिवक्ता एवं पूर्व नायब महान्यायाधिवक्ताहरूसँग परामर्श :** महान्यायाधिवक्ताको कार्यालयको संस्थागत संझनालाई अभिलेखबद्ध बनाउन एवं महान्यायाधिवक्ताको कार्यालयले लिनु पर्ने रणनीतिहरूका लागि पूर्व महान्यायाधिवक्ताहरू एवं पूर्व नायब महान्यायाधिवक्ताहरूसँग परामर्श गरी सुझाव र पृष्ठपोषण लिइने छ ।

**सरकारी वकीलहरूसँग परामर्श :** सबै तहका सरकारी वकीलहरूको प्रतिनिधित्व हुने गरी छलफल कार्यक्रमको आयोजना गरी आवश्यक सुझावहरू संकलन गरिने छ । यसका साथै नेपालका सरकारी वकीलहरुको तेस्रो राष्ट्रिय सम्मेलनमा समेत यो विषयमा छलफल गरी पृष्ठपोषण संकलन गरिने छ । ।

**अधिकृतहरू तथा कर्मचारीहरूसँगको परामर्श :** महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका कार्यालयहरूका अधिकृतहरू र सहायक एवं सहयोगी कर्मचारीहरूसँग समेत विभिन्न चरणमा छलफल गरी राय सुझाव संकलन गरिने छ ।

Office of the Attorney General, Nepal

**कानून व्यवसायीहरूसँगको परामर्श :** प्रतिरक्षी कानून व्यवसायीहरू एवं वार एशोसिएनका पदाधिकारीहरूसँग परामर्श गरी सुझाव संकलन गरिने छ ।

**प्रहरीसँगको परामर्श :** सरकार वादी फौजदारी मुद्दाका अपराध अनुसन्धानको कार्यमा संलग्न नेपाल प्रहरी अनुसन्धान अधिकृतदेखि उच्च तहका प्रहरी अधिकृतहरू तथा अनुसूची २ का कसूरका अनुसन्धान अधिकृतहरुसँग छलफल गरी फौजदारी मुद्दाको अनुसन्धानलाई प्रभावकारी बनाउने उपायहरूका बारेमा परामर्श गरिने छ ।

**पत्रकारहरूसँगको छलफल :** रणनीतिक योजनाको प्रारम्भिक मस्यौदा उपर कानून क्षेत्रका पत्रकारहरुसँग परामर्श गरी समग्र फौजदारी न्याय प्रशासनको प्रभावकारिताका सम्बन्धमा सुझाव संकलन गरिने छ ।

**पीडित र साक्षीहरूसँगको छलफल :** रणनीतिक योजनाको प्रारम्भिक मस्यौदा उपर सरकार वादी मुद्दाका पीडित र साक्षीहरुसँग परामर्श गरी समग्र फौजदारी न्याय प्रशासनको प्रभावकारिताका सम्बन्धमा सुझाव संकलन गरिने छ ।

**मुख्य न्यायाधिवक्ताहरुसँगको छलफल :** रणनीतिक योजनाको प्रारम्भिक मस्यौदा उपर मुख्य न्यायाधिवक्ताहरु तथा मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुसँग परामर्श गरी समग्र फौजदारी न्याय प्रशासनको प्रभावकारिताका सम्बन्धमा सुझाव संकलन गरिने छ ।

**न्यायाधीशहरूसँगको परामर्श :** विभिन्न तहका माननीय न्यायाधीशहरूसँग सरकारी मुद्दाको कारबाही र किनाराको व्यवस्थापकीय पक्षमा गर्नु पर्ने सुधारका क्षेत्रहरूका बारेमा राय सुझाव लिइने छ । खासगरी न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनासँग समाञ्जस्यता कायम गर्न यसले मद्दत पुग्नेछ ।

**योजना विज्ञहरूसँगको छलफल :** योजना तर्जुमाको प्राथमिक चरणदेखि नै योजनाका विज्ञहरूसँग छलफल गरी योजना तर्जुमाका विशिष्ट पक्षहरूलाई अंगिकार गरिने छ । यसले योजनालाई प्राविधिक रूपमा समेत सबल बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

### प्रादेशिक परामर्श कार्यक्रम

योजनालाई सहभागितामूलक रूपमा तर्जुमा गर्न एवं विभिन्न क्षेत्रमा रहेका समस्याहरू पहिचान गर्नका लागि सरोकारवाला निकायका अधिकारीहरूसँग प्रादेशिक रूपमा परामर्श कार्यक्रम सञ्चालन गरिने छ । । त्यस्तो परामर्श कार्यक्रममा न्यायाधीशहरू, मुख्य न्यायाधिवक्ताहरु, सरकारी वकीलहरू, अनुसन्धान अधिकृतहरु (अनुसूची १ र २ का) कानून व्यवसायीहरू समेतका सबै सरोकारवालाहरूको प्रतिनिधिमूलक सहभागिता गराइने छ । त्यस्तो परामर्श कार्यक्रममा माननीय महान्यायाधिवक्ताज्यू एवं नायब महान्यायाधिवक्ताज्यूहरू समेतको सहभागिता रहने व्यवस्था गरिने छ ।

### वार्षिक प्रतिवेदनहरूको विश्लेषण

योजना तर्जुमाको क्रममा सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय एवं प्रहरी प्रधान कार्यालयबाट प्रकाशित भएका वार्षिक प्रतिवेदनहरूको सर्वेक्षण गरी आवश्यक तथ्यांक, सूचना र जानकारीहरू संकलन गरी उपयुक्त स्थानमा सोको विश्लेषण गरी रणनीतिक योजना तयार गरिने छ ।

Office of the Attorney General, Nepal

**सरोकारवाला निकायका रणनीतिक योजनाको सर्वेक्षण**

न्याय प्रशासनसँग सम्बन्धित निकायहरूले तर्जुमा गरेका रणनीतिक योजनाहरूको समेत सर्वेक्षण गरी सोही अनुसार सम्भव भएसम्म मेल खाने गरी रणनीतिहरू तर्जुमा गरिने छ। खास गरी न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना, नेपाल प्रहरीको अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना Crime Action Plan (CAP) समेतले लिएका प्रमुख रणनीतिहरूसँग तादात्म्यता कायम हुने गरी रणनीतिक योजना तर्जुमा गरिने छ।

**सम्मेलन र कार्यशालाबाट पारित प्रस्तावको सर्वेक्षण**

दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको अवधिमा सम्पन्न भएका नेपालका सरकारी वकीलहरूको राष्ट्रिय सम्मेलन तथा नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलन तथा प्रादेशिक सम्मेलनहरूबाट पारित भएका प्रस्तावहरू तथा महान्यायाधिवक्ताको कार्यालयबाट संचालन भएका विभिन्न कार्यशालाका प्रतिवेदन समेतको सर्वेक्षण गरी रणनीतिक सुधारका क्षेत्रहरू पहिचान गरिने छ।

**अभियोजन नीति र मार्गदर्शन**

योजना तर्जुमाको क्रममा महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको अभियोजन नीति, २०७७ लाई अध्ययन गरी सो नीति र मार्गदर्शन अनुकूल हुने गरी योजनाको तर्जुमा गरिने छ।

**विभिन्न अध्ययन प्रतिवेदनहरूको सर्वेक्षण**

योजना तर्जुमाको क्रममा महान्यायाधिवक्ताको कार्यालय एवं अन्य सरोकारवाला निकायहरुबाट भएका फौजदारी न्याय प्रशासनसँग सम्बद्ध अध्ययन अनुसन्धानहरूको सर्वेक्षण गरी सुधारका क्षेत्रहरू पहिचान गरिने छ। खासगरी महान्यायाधिवक्ताको कार्यालयबाट भएका अनुसन्धानमूलक अध्ययनहरूले औंल्याएका विषयहरूलाई प्राथमिकतापूर्वक सम्बोधन गरिने छ।

**सर्वोच्च अदालतबाट दिइएका निर्देशनहरूको सर्वेक्षण**

सरकार वादी फौजदारी मुद्दा र नेपाल सरकार विरुद्ध परेका रिट निवेदनमा सर्वोच्च अदालतले फौजदारी न्यायप्रशासनको सुधारका सम्बन्धमा दिएका निर्देशनहरूको सर्वेक्षण गरी त्यस्ता निर्देशनहरूले औंल्याएका विषयहरू संबोधन गर्न सम्भव भएसम्मका आवश्यक उपायहरू अवलम्बन गर्ने गरी योजना तर्जुमा गरिने छ।

**राष्ट्रिय कार्यशाला**

योजना तर्जुमा समितिले तयार पारेको योजनाको मस्यौदा उपर माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा सम्पूर्ण सरोकारवालाहरूको प्रतिनिधिमूलक सहभागिता रहेको राष्ट्रिय कार्यशाला आयोजना

Office of the Attorney General, Nepal

गरिने छ । सो कार्यशालामा प्राप्त भएका पृष्ठपोषण र सुझाव संकलन गरी योजनालाई अन्तिम रूप दिइने छ ।

**प्रारम्भिक रुपमा प्रक्षेपण गरिएका रणनीतिक सुधारका क्षेत्रहरु**

योजना आफैमा अनुशासन (Discipline) हो । रणनीतिक योजनाले उन्नयन/नवप्रवर्तन (Innovation) खोज्दछ । यसका कर्ताहरुमा स्वयं सक्रियताको (Pro-activness) आवश्यकता पर्दछ । नेतृत्वले अपनत्व बोध (Sence of owenership) ग्रहण गर्नु पर्दछ । संस्थाका सबै क्रियाकलापहरु रणनीतिक योजनाको छाताभित्र संचालित हुनु पर्दछ । जटिल अवस्थामा पनि यसको पालना गर्ने तत्परता र प्रतिबद्धता ( Readiness and Commitment of owenership) देखिनु पर्दछ । योजनामा सबै विषय प्रक्षेपण ( Projection) गर्न सकिँदैन । योजनाले सबै समस्यालाई सम्बोधन गर्न पनि सक्दैन । योजनाले आवश्यकताको प्राथमिकीकरण गर्ने र रणनीतिक हस्तक्षेपका क्षेत्रहरु (Area of stategic intervantion) पहिचान गर्दछ ।

योजना महत्वाकाक्षी हुनु पर्ने मानिन्छ । तर योजनालाई अपेक्षाहरुको संग्रह (Complie of Wishes) बन्न पनि दिनु हुँदैन । यो संस्थाको मूल कार्य र जिम्मेवारीसँग जोडिएर यथार्थपरक (Realistic) रुपमा कार्यान्वयनमा आउनु पर्दछ । तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्रारम्भिक चरणमा रणनीतिक हस्तक्षेपका क्षेत्रहरु देहाय बमोजिम प्रक्षेपण गरिएको छ :

१. वैज्ञानिक एवं भौतिक प्रमाण संकलन र परीक्षण
२. अभियोजनत्रमा गुणात्मक सुधार
३. अभियोजन अनुगमन र परीक्षण
४. मुलुकी संहिताको प्रभाव मूल्यांकन
५. फौजदारी कानूनमा सुधार
६. कानूनी रायमा प्रभावकारिता
७. पीडित र साक्षी संरक्षण
८. संस्थागत सुदृढीकरण
९. सूचना प्रविधिको विकास र उच्चतम् प्रयोग
१०. सरकारी वकील र कर्मचारीको क्षमता विकास
११. अभिलेख व्यवस्थापन
१२. IAP मा हाम्रो भूमिका र लिन सकिने लाभहरु
१३. उच्च सरकारी वकील कार्यालयको अधिकारक्षेत्रमा वृद्धि

Office of the Attorney General, Nepal

१४. हिरासत तथा कारागारको अनुगमन

१५. सर्वोच्च अदालतबाट जारी निर्देशनात्मक आदेशको कार्यान्वयनको अनुगमन

१६. सम्बद्ध निकायहरुसँगको समन्वय र सहकार्य

१७. फौजदारी कानूनको प्रभावकारिताका लागि जनचेतना र प्रचार

**रणनीतिक योजनाको मस्यौदा तयार गर्न संचालन गरिने क्रियाकलाप र समय तालिका**

| सि.नं. | कार्यक्रम | कार्य तालिका |
|---|---|---|
| १. | आगामी रणनीतिक योजनाले सम्बोधन गर्नु पर्ने विषयहरूमा आवश्यक राय सुझाव संकलन (सबै सरकारी वकील कार्यालयहरुबाट) | २०७७।०८।२५ गते सम्म |
| २. | अवधारणापत्र उपर परामर्श र अन्तिम रुप प्रदान<br>(नीति व्यवस्थापन समूह, योजना तर्जुमा समिति) | २०७७।०८।२५ गते सम्म |
| ३. | दोस्रो रणनीतिक योजनाको समीक्षाका लागि सूचना संकलन | २०७७।०९।२५ गते सम्म |
| ४. | प्रारम्भिक मस्यौदाको प्रारुप तयार | २०७७।१०।१५ गते सम्म |
| ५. | **प्रादेशिक परामर्श कार्यक्रम**<br>(न्यायाधीश, मुख्य न्यायाधिवक्ता, सरकारी वकील, प्रहरी तथा अनुसन्धान अधिकृत, कानून व्यवसायी, कर्मचारी समेत)<br>प्रत्येक प्रदेशमा कम्तीमा एक/एक वटा कार्यक्रम संचालन गरिने छ | २०७७।११।१५ गते सम्म |
| ६. | **पृष्ठपोषण र सुझाव संकलन गरी रणनीतिक योजना मस्यौदा तर्जुमा** | २०७७।११।३० गते सम्म |
| ७. | **विज्ञ सँगको परामर्श** | २०७७।१२।०५ गते सम्म |
| ८. | **राष्ट्रिय कार्यशाला**<br>(साझेदार निकाय र सरोकारवालासँग पृष्ठपोषण) | २०७७।१२।१५ गते सम्म |
| ९. | **रणनीतिक योजनाको अन्तिम मस्यौदा तयार** | २०७७।१२।३० गते सम्म |
| १०. | **रणनीतिक योजनाको मस्यौदा मुद्रण** | २०७८।०१।१५ गते सम्म |
| ११. | **विमोचन र वितरण** | २०७८।०१।१५ देखि २०७८।०२।१५ गते सम्म |

Office of the Attorney General, Nepal